दफा ३३ को उपदफा २ सँग सम्बन्धित

वन पैदावार लिलाम बिक्रिको विस्तृत सुचना

**श्री वडेरा सामुदायिक वन उपभोक्ता समूह सुनवल न.पा.-१३**

काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रिको सुचना

**(दोस्रो पटक सूचना प्रकाशन मिति:-२०८१/१२/~~२१~~)** १० गते

यस सामुदायिक वन उपभोक्ता समूहबाट व्यवस्थापन गर्दै आएको सामुदायिक वन क्षेत्रबाट श्री नेपाल विद्युत प्राधिकर कालिगण्डकी कोरिडोर २२० के.भी.प्रशारण लाईन आयोजनाको ROW भित्र पर्ने रुख/पोलहरु आ.व. २०८०/०८१ म संकलन गरी घाटगद्दीमा विभिन्न लटमा विभाजित निम्न परिमाणको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ दाउरामा आधारित उद्यो संचालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नवीकरण भई वन नियमावली २०७९ को नियम १२८ बमोजि सूचीकृत भएका गोलिया काठ चिरान गर्ने स:मिल र काठलाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउ उद्योगले यो सूचना वुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित भएको मितिले १५ दिन भित्र प्रत्येक लटक छुट्टा छुट्टै बोलपत्र खरिद गरी १६ औ दिन कार्यालय समय भित्र डिभिजन वन कार्यालय, नवलपरासी(व.सु.प.) तथा सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा शिलवन्दी वोलपत्र दाखिला गर्न आव्हन गरिन्छ ।

## तपशिल:–

**१.लिलाम बिक्रि हुने वन पैदावारको विवरण:-**

| वन पैदावारको विवरण | | | | | | | मूल्याङ्कन (रु) | | | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | लट नं. | जात | किसिम | ग्रे. | थान | परिमाण(घ.फि.) | दर प्रति घ.फि. (रु) | न्यूनतम मुल्य (रु) | संङ्कलन खर्च(रु) | |
| | ७ | जिड्गड | गोलिया | | ६३ | २७२.०२ | १०० | २७२०२.०० | १४२५८५।१७/- | |
| | | साल | | ए | ३ | ४०.६९ | १२५० | ५०८६२.५० | | |
| | | | | वि | १२ | ९५.३२ | ९०० | ८५७८८.०० | | |
| | | | | सि | ६६ | २३१.२४ | ६०० | १३८७४४.०० | | |
| | | | | डि | २० | ५४.२७ | ३०० | १६२८१.०० | | |
| | | सिमल | | | १० | ११३.३ | १५० | १६९९५.०० | | |
| जम्मा | | | | | १७४ | ८०६.८४ | | ३३५८७२.५० | | |
| २ | ८ | खयर | | | ७ | १७.५१ | १००० | १७५१०.०० | १५७७६१.९२/- | |
| | | साल | | ए | ७ | १०२.०९ | १२५० | १२७६१२.५० | | |
| | | | | वी | १५ | ८७.२ | ९०० | ७८४८०.०० | | |
| | | | | सि | १५९ | ४७४.९२ | ६०० | २८४९५२.०० | | |
| | | | | डि | ४१ | ८०.७५ | ३०० | २४२२५.०० | | |
| | | सिमल | | | १७ | ११५.२१ | १५० | १७२८१.५० | | |
| | | टिक | | वि | ७ | १५.०४ | ६०० | ९०२४.०० | | |
| | | | | | २५३ | ८९२.७२ | | ५५९०८५.०० | | |

२. बोलपत्र खरिद र दाखिला गर्नुपर्ने अन्तिम मिति, समय र स्थान :

क) बोलपत्र खरिद गर्ने अन्तिम मिति: २०८१/१२/२४ गते, समय कार्यालय समय भित्र सम्म ।

ख) बोलपत्र दाखिला गर्ने अन्तिम मिति: २०८१/१२/२५ गते, समय कार्यालय समय भित्र सम्म ।

ग) बोलपत्र खरिद तथा दाखिला गर्ने दिन बिदा परे सो को भोलीपल्ट खरिद र दाखिला गर्न सकिनेछ ।

३. बोलपत्र साथ धरौटी वापत कबोल अङ्कको १०% ले हुन आउने रकम यस सामुदायिक वन उपभोक्ता समूहको. शानरेसुङ्ग बैंक बडेराशाखा स्थित खाता नं. ०५२००१००२७२३२००००००१ मा नगद जम्मा गरेको सक्कलै भौचर वा यस समूहको नाममा खिचिएको बैंक ड्राफ्ट वा छ महिना अवधिको बैंक जमानत पत्र समावेश हुनुपर्नेछ । नगद धरौटी र ड्राफ्टलाई मान्यता दिइने छैन।

४. बोलपत्रको प्रत्येक लटका लागि रु.१,०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय तथा डिभिजन वन कार्यालय, नबलपरासी(ब.सु.प.)वाट समेत खरिद तथा दाखिला गर्न सकिनेछ ।

५. बोलपत्र खरिद गर्दा लट अनुसार बेग्ला बेग्लै खरीद गरी दाखिला गर्दा पनि बेग्ला बेग्लै दाखिला गरी खाम बाहिर प्रष्ट लट नं. उल्लेख गरेको हुनु पर्नेछ ।

६. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय समय खुलेको समय भित्र यस सामुदायिक वन उपभोक्ता समूहको घाटगद्दी [illegible] गई हेर्न सकिनेछ ।

७. लिलाम प्रक्रियामा भाग लिन इच्छुक स:मिल/भेनियर/प्लाईउड उद्योगका प्रोपाइटरहरुले नेपाली नागरिकताको प्रमाणपत्र, फर्म दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता वा स्थायी लेखा नम्बर प्रमाणपत्र, उद्योग सुचिकरण प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपी अनिवार्य बोलपत्रसाथ पेश गर्नु पर्नेछ । नागरिकता बाहेकका कागजातहरु नियमानुसार नवीकरण भएको हुनु पर्नेछ।

८. निर्धारित गरिएको न्यूनतम संख्या र रितपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८१/१२/२७ गते दिनको १:०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ । सो दिन बिदा परे सो को भोलिपल्ट खोलिनेछ ।

९. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, सङ्कलन खर्च समेत छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

१०. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नु पर्नेछ। अङ्क र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहको कार्य समितिमा निहित रहनेछ।

बडेरा सामुदायिक वन उपभोक्ता समिति
रामनगर-२, बडेरा, न.प.

२०८१/१२/१०